# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८३/०४/२३ गते

आज मिति २०८३ साल श्रावण २३ गते शनिवारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2083/04/23 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

विकास के.सी. प्रशासकीय अधिकृत

## मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८३/०४/२८ गतेको निर्णय

बैठक संख्या ०१

**निर्णय नं १**

मोदी गाउँपालिकाको कराधिकारको रुपमा रहेको भूमीकर तथा सम्पती करलाई व्यवस्थित र प्रविधिमैत्री बनाई नागरिक हरुलाई सहज र झन्झटरिहत तवरबाट कर तिर्न सक्ने गरी राजश्व सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दरमा सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयको राजश्व उपशाखाबाट सुत्र (SuTRA Revenue) प्रणालीबाट वा अनलाईन प्रणाली **(The Local Level Revenue Portal (LLRP)** मार्फत भूमीकर तथा सम्पती कर तिर्न सक्ने गरी प्रणालीगत व्यवस्था गर्ने ।

**निर्णय नं २**

गाउँपालिका भित्र संचालित विभिन्न व्यावसायहरुको अभिलेख व्यवस्थापन तथा नियमन एवं व्यावसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउन विगतमा वडा कार्यालयहरु मार्फत दर्ता भएका व्यावसायहरुको अद्यावधिक विवरण तयार गरी प्रणालीमा आवद्ध गर्ने तथा गाउँकार्यपालिकाको कार्यालयबाट सुत्र **(SuTRA Revenue)** प्रणाली मार्फत व्यावसाय दर्ता सम्बन्धी प्रमाणपत्र जारी एवं नविकरण गर्ने ।

**निर्णय नं ३**

लागत साझेदारीमा आवधिक योजना निर्माण गर्ने प्रस्ताव पेश गर्ने बारेको गण्डकी प्रदेश नीति तथा योजना आयोगको नीति २०८३/४/२२ को सूचना बमोजिम लागत साझेदारीमा मोदी गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना (२०८३/०८४-२०८८/०८९) निर्माणको लागि लागत अनुमान तथा कार्य सर्तहरु (Terms Of Reference-TOR) स्वीकृत गर्ने र लागत साझेदारीको लागि प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं ४**

मोदी गाउँपालिकाको वडा नं १ २ र ३ नं वडा जोड्ने प्रमुख सडक खण्डमा पर्ने सुनचाप पहिरोको भौर्गर्भिक अध्यन ( Geological Study on Sunchap Panikholso Landslide) प्रतिवेदनमा दिईएका सुझावहरु कार्यान्वयन गरी उक्त पहिरोको दिर्घकालिन समाधान तथा व्यवस्थापन गर्न गाउँपालिकाको स्रोतबाट मात्र संभव नहुने भएकोले सोको लागि संघिय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा उक्त अध्ययन प्रतिवेदन सहित आवश्यक बजेट व्यवस्थापनको लागि अनुरोध गर्ने ।

**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

**हिरादेवी शर्मा**
**अध्यक्ष**

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं ५

मोदी गाउँपालिकाको वडा नं २ देउपुर ठुलीपोखरी देखि भूक देउराली जोड्ने सडकमा वर्षायाममा आउने बाढी पहिरोको कारण सडकमा थप क्षति हुन नदिन प्राविधिक लागत अनुमान बमोजिम सडक किनारमा रहेका पहिरोहरु पन्छाउने अवरुद्ध नालीहरु खुलाउने लगायतका विपद रोकथाम मुलक कार्यहरु गर्न विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु पाँच लाख स्रोत सुनिश्चित गर्ने।

निर्णय नं ६

गाउँपालिका क्षेत्रभित्र बाढी पहिरो तथा अन्य विपदजन्य घटनाको कारण तत्काल विपद रोकथामका कार्यहरु गर्न विपद व्यस्थापन कोषबाट खर्च गर्ने गरी एक सय थान ग्याविन जाली तथा एक सय थान त्रिपाल खरिद गर्ने ।

निर्णय नं ७

मिति २०८३/३/३० गते जिल्ला दररेट समितिबाट आ.व ०८३/०८४ को लागि पर्वत जिल्लाभर लागु हुनेगरी निर्धारण गरिएको दरदेटलाई यथावत रुपमा लागु गर्ने र उक्त स्वीकृत दररेटमा उल्लेखित नभएका प्रकार (Item) को हकमा प्रचलित खरिद सम्बन्धी ऐन, नियमावलीको अधिनमा रही दरभाउ माग गरी प्राप्त न्यूनतम दररेटलाई चालु आ.व ०८३/०८४ को योजना तथा कार्यक्रमको कार्यान्वयनको लागि लागू गर्ने ।

निर्णय नं ७

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागको चालु आ.व ०८३/०८४को वार्षिक कार्यक्रम अन्तर्गत "Hill Station" पुर्वाधार निर्माण सिर्पू तथा जलजला क्षेत्र मोदी र जलजला गाउँपालिका पर्वत गण्डकी प्रदेश आयोजनाको कार्यान्वयन गर्दा गाउँपालिकाको डिपिआर समेत भईसकेको पर्यटकीय रुपले अत्यन्त संभावना बोकेको नयाँ पुल-ताङ्ले-भवरकोट-फलाटे-डाँडाकमेरे-थमाको डिल-हम्पाल-माटे-जलजला पर्यटकीय पदमार्गमा पर्ने माटे लेकलाई समेत उक्त आयोजनामा समावेश गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागलाई अनुरोध गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष